अन्तिम लेखापरीक्षण प्रतिवेदन

त्रिपुरासन्दरी गाउँपालिका
सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

त्रिपुरासुन्दरी गाउँपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

त्रिपुरासुन्दरी गाउँपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, बिश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १०४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
त्रिपुरासुन्दरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड २७ लाख ८२ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा रू २ करोड ९ लाख ३७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरूजु असुल गर्नुपर्ने रू.४ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ११ लाख ५० हजार र नियमित गर्नुपर्ने रू.१ करोड २ लाख २८ हजार समेत रू. १ करोड १८ लाख ४४ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू. ५ करोड ४५ लाख ७८ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. ६ करोड ६४ लाख २२ हजार रहेको छ । यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा —** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्त प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तले उच्च स्तरको आश्वस्त प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

त्रिपुरासुन्दरी गाउँपालिका,
सिन्धुपाल्चोक

१. चालु वर्ष २०७९।८० को बेरूजु

बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

प्रारम्भिक बेरूजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरूजु			बेरूजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५१	१०२	३२७८२	१	८७	२०९३७	५०	१५	११८४४	४६६	१०२२८	११५०	०	०	११३७८	०

२. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरूजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु	यो वर्षको बेरूजु	कुल बेरूजु बाँकी
सिन्धुपाल्चोक	५४५७८	-	-	५४५७८	-	११८४४	६६४२२

३. बेरूजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरूजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	१६	असूल गरी बेरूजू दाखिला गरेको	४१९८.६३
		३६	प्रमाण पेश गरेको	८८८९०००
		४०.१	असूल गरी बेरूजू दाखिला गरेको	१७८५०
		४०.२	असूल गरी बेरूजू दाखिला गरेको	१०२००
		४०.३	असूल गरी बेरूजू दाखिला गरेको	२०००
		४०.४	असूल गरी बेरूजू दाखिला गरेको	११४७५
		४२	असूल गरी बेरूजू दाखिला गरेको	३२००
		४५	असूल गरी बेरूजू दाखिला गरेको	३०६००
		४६	असूल गरी बेरूजू दाखिला गरेको	९३५०
		४८	नियमित भई आएको	४५९६३९८
		४९	नियमित भई आएको	५१३३४८१.९७
		५०.१	असूल गरी बेरूजू दाखिला गरेको	१८०००
		५०.२	असूल गरी बेरूजू दाखिला गरेको	७६५०
		५०.३	असूल गरी बेरूजू दाखिला गरेको	२१६००
		५३	नियमित भई आएको	३१६५००
		५५	नियमित भई आएको	९९४७२
		६०.१	असूल गरी बेरूजू दाखिला गरेको	११४७५
		६०.२	असूल गरी बेरूजू दाखिला गरेको	३५५०

		६०.३	प्रमाण पेश गरेको	२७०००
		६२	नियमित भई आएको	सैद्धान्तिक
		६७	प्रमाण पेश गरेको	४९९९८९
		६८	असूल गरी बेरूजू दाखिला गरेको	१२३२६१
		७१	प्रमाण पेश गरेको	७००२०४
		७२	असूल गरी बेरूजू दाखिला गरेको	४८३००
		७३	प्रमाण पेश गरेको	५३६८९
		७६	असूल गरी बेरूजू दाखिला गरेको	४४१६
		८०	असूल गरी बेरूजू दाखिला गरेको	४८०००
		८१.१	असूल गरी बेरूजू दाखिला गरेको	२५००१
		८१.२	असूल गरी बेरूजू दाखिला गरेको	११५५०
		८२	पेश्की फछ्र्यौट गरेको	२०००००
	कुल जम्मा			**२०९३७४११**

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जन सहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छन् भने क्षेत्रफल ९४.२८ वर्ग किलोमिटर तथा १२,०१४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२७ देखि २०८०।०५।३० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको प्राप्ति तथा भुक्तानीको संक्षिप्त विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आय व्यय विवरण** - पालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्य खर्च शिर्षक, बैङ्क नगदी किताब र कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोकद्धारा प्रमाणित आर्थिक विवरण अनुसारको आधारमा देहायबमोजिम रहेको पाईयो ।

आयतर्फ			व्यय तर्फ		
सि.नं.	**विवरण**	**रकम**	**सि.नं**	**विवरण**	**रकम**
१	**गत बर्षकोजिम्मेवारी**		१	**चालु तर्फ**	
	क)धरौटी	१८५७००५.४७		त्रिपुरासुन्दरीगाउँकार्यपालिका चालु खर्च	९१५८७९३६.५४
	ख)सञ्चित कोषखाता	४१८५६२८७.५१		त्रिपुरासुन्दरीगाउँपालिका शिक्षा -चालु खर्च	१७७७९४०९
	ग)प्रकोप व्यवस्थापनकोष खाता	३४५३३४०.९८		त्रिपुरासुन्दरीगाउँपालिका स्वास्थ्य-चालु खर्च	१०५२०५१
२	**राजश्व (आन्तरिक आय)**			त्रिपुरासुन्दरीगाउँपालिका कृषि-चालु खर्च	१२१८७५३
	क) आन्तरिकराजश्व	७६७०६६९.५८		संघीय सरकारबाटहस्तान्तरित कार्यक्रम बजेट प्रकार : चालु	१४२०८६१६१.४
	ख)सडक बोर्ड नेपाल (सिधै सञ्चित कोषमा जम्मा भएको)	९८००००.००		प्रदेश सरकारबाटहस्तान्तरित कार्यक्रम बजेट प्रकार : चालु	३२९९७८५
३	**धरौटी आम्दानी**	१०५८६५८.००	२	पुजिंगत तर्फ	
४	**वित्तीय हस्तान्तरण नेपाल सरकार**			त्रिपुरासन्दरीगाउँ कार्यपालिका बजेट प्रकार : पूंजीगत	६९००३७७१.४३
	क) वित्तीय समानिकरणअनुदान	९५४६००००.००		त्रिपुरासन्दरीगाउँपालिका - स्वास्थ्य बजेट प्रकार : पूंजीगत	१२९२६४
	ख)सशर्त अनुदान	१६३३४००००.००		त्रिपुरासन्दरीगाउँपालिका - कृषि बजेट प्रकार : पूंजीगत	२०००००
	ग)समपुरक अनुदान	४००००००.००		संघीय सरकारबाटहस्तान्तरित कार्यक्रम बजेट प्रकार : पूंजीगत	९६९४६९७
५	**वित्तीय हस्तान्तरण बाग्मती प्रदेश सरकार**			संघीय सरकारबाटहस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) बजेट प्रकार : पूंजीगत	३७५२२१५

	क)वित्तीय समानिकरणअनुदान	९५४२०००.००		जिल्ला समन्वय योजनासमपुरकःपुजिगत	५६२५७८१
	ख)सशर्त अनुदान	२१५७८०००.००		प्रदेश सरकारबाटहस्तान्तरित कार्यक्रम बजेट प्रकार : पूंजीगत	१६५१३७८५.८५
६	**प्रकोष व्यवस्थापन कोषखातामा आम्दानी**	०.००	३	प्रकोप व्यवस्थापन कोष	२३९९३३७
७	**विविध खर्च खातामाआम्दानी**	१७४२००२.७५	४	बिबिध खर्च खाता/कोष-बैंक (ग २-७)	१५१८५०७.७५
८	**राजश्व बाँडफाँड संघीयसरकार**	५७९८५६४४.५	५	सामाजिक सुरक्षा भत्ताखर्च	८२०३८३९७.१७
९	**सवारी साधन कर प्रदेश सरकार**	१३३८९७३०.३२	६	बाग्मती प्रदेशआन्तरिक मामिला तथा कानुन मन्त्रालय योजना	१९८९४०६
१०	सामाजिक सुरक्षा भत्ताबापत प्राप्त रकम	८२०३८३९७.१७	७	कोष तथा लेखानियन्त्रक कार्यालय निकासा फिर्ता	
११	बाग्मती प्रदेशआन्तरिक मामिला तथा कानुन मन्त्रालय योजना	१९८९४०६		संघीय सशर्त अनुदानचालु फिर्ता	१०४५३८३८.६१
				संघीय सशर्त अनुदानपुँजिगत फिर्ता	१३५३०८८
				बाग्मती प्रदेश सशर्तअनुदान फिर्ता	१७६४४२९.१५
				धरौटी फिर्ता	२९१५६६३.४७
			८	**मौज्दात**	
				सञ्चित कोष खाता	३८३८३११४.६६
				धरौटी खाता	२१२७७४६.३
				प्रकोष व्यवस्थापनखाता	१०५४००३.९८
	जम्मा	**५०७९४११४२.३०**		**जम्मा**	**५०७९४११४२.३०**

३ वित्तीय प्रतिवेदन

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत

भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.९,२०,६९,०८७।— र यस वर्षको भुक्तानी रु. ९,२०,६९,०८७।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२)	४७१६६६३३.९६	४१५८७२०५५.४१	३७७४८८९४०.७५	३८३८३११४.६६
एकीकृत आर्थिक विवरणअनुसार	४७१६६६३३.९६	५०७९४११४२.३०	४६९५५७०२७.६४	३८३८३११४.६६
फरक	०	९२०६९०८७	९२०६९०८७	०

४ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,२०,३८,३९७/१७ र अन्य रु.१९,८९,४०६/- समेत गरी रु.८,४०,२७,८०७/१७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण,

विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।३।१० मा रु.४४ करोड २३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति२०७९।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,४९,१९,५१४.२८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१० **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची -३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार पालिकास्तरका कुल १७० योजनामा वजेट विनियोजन गरेको छ।

रु.१ लाख सम्म	रु.१ लाख देखि २ लाखसम्म	रु.२ लाखदेखि ५ लाखसम्मका	रु.५ लाख देखि १० लाखसम्मका	रु.१०-५० लाख सम्म	रु.५० लाख भन्दा बढी	जम्मा
३०	५०	६०	२४	५	१	१७०

११ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड अबण्डा बजेट व्यवस्था गरेकोमा गाउँसभाको निर्णयबाट रु.२० लाख अन्य योजनामा खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएकाे छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

क सं	योजनाको नाम	बजेट / खर्च
१	सौर्य उर्जा	१,००,००,०००।

१२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३ को ४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) अनुसार स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।

- ·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास लक्ष्य २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसुची ११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- ·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- लकबुक तयार गरी इन्धन खर्च लेख्नुपर्नेमा सो नगरी इन्धन खर्च लेखेको पाइयो ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.२० लाख भन्दा माथि लागत अनुमान भएको निर्माण कार्यको बीमा गराउनुपर्नेमा केही योजनाको बीमा गराएको देखिएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले फर्निचरजन्य सामाग्री खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरेको पाइयो।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) अनुसार प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्यविवरण अनुसूची ५ बमोजिमको ढाँचामा तयार गरी लागू गर्नुपर्नेमा सो गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पलिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा बेरुजूको लगत तयार गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,१०,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.७६,७०,६६९/५८ अर्थात अनुमान भन्दा ३०.२७ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१४ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गरी समयमै बैंक दाखिला गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । पालिका तथा ६ वटा वडामा राजस्व संकलनको लागि राजस्व व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको भएता पनि संकलित राजस्व समयमै बैंक दाखिला गरेको नदेखिएकोले समयमै बैंक दाखिला गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

१५ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१,६८,५३,९०७.८६	७६७०६६९.५८	२.४२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **राजस्व ढिला दाखिला** –

✂ *........... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४,१९८/६३ सम्परीक्षण गरिएको ।)*

१७ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत

एकीकृत सम्पत्ति कर र घरजग्गा कर	६,००,०००	१७,७२,६३८.९४	२९५.४३
घरजग्गा बहाल कर	२,००,०००	१८६१००.७०	९३.०५
व्यवसाय कर	६,००,०००	२,६८,६९५.६३	४४.७८
बहाल विरौटी शुल्क	०	०	०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ६ विवाद दर्ता भएकोमा ४ वटा मात्र फस्र्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१९ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन,३ वटा नियमावली, १२ कार्यविधि लगायत १८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ९ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२० **क्षेत्राधिकार बाहिर भई कानून निर्माण** - नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसै गरी संविधानको अनुसूची- ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं.३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर त्रिपुरासुन्दरी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ८० को सजाय अन्तर्गत ८०(१)(क) देखि (ङ) सम्म विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको मात्र हुने देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

२१ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन

। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भए पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३७ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२४ **वडा सचिवको पदपूर्ति** - गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भुमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

वडा संख्या	**वडा सचिवको दरबन्दी**	**वडा सचिवको पदपुर्ति स्थायी**	**करार**	**तलब भत्ता**
६	६	०	६	२२,३१,५३२/-

२५ **तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी** - निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) अनुसार जिल्लास्थित निजामती कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्वास्थ्य तर्फका ९ जना स्थायी कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.५७,६१,९२२।२० तलब भत्ता भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६ **कर्मचारी करार** - बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनले गरेको व्यवस्था विपरित विभिन्न पदमा २३ जना करारमा कर्मचारी नियुक्ति गरी रु.९१,५९,६२२।— पारिश्रमिक भुक्तानी गरेको कार्यलाई नियमसम्मत मान्न नसकिने रु.

अनियमित भएको	९१,५९,६२२

२७ **रिक्त पदको सूचना नदिएको** - बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४३ जना रहेकोमा विभिन्न पदमा ९ जना स्थायी र दरबन्दी भित्र १४ जना करारमा कार्यरत रही २० दरबन्दी रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

२८ **स्वतः पद रिक्त** - बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ति स्वतः बदर भएको मानिने उल्लेख छ। तर पालिकाले प्रदेश कानून आए पश्चात् पनि आर्थिक वर्ष २०८०/८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई १ वर्ष अवधिका लागि करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

२९ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३० **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसूची -२ बमोजिम त्रैसिक प्रगति विवरण बनाई तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	
पुँजीगत खर्चतर्फ	१०४९१९५१४.२८	७३९६९८२	३९८२६५३	९३५३९९७९.२८	४००६५७९१.७३
प्रतिशत		७.०५	३.८०	८९.१५	३८.१९

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०,४९,१९,५१४/२८ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.७३,९६,९८२/- (७.०५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३९,८२,६५३/- (३.८० प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.९,३५,३९,९७९/-२८ (८९.१५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४,००,६५,७९१/७३ (३८.१९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३१ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२३७३००००	१८६०४८११.८२	५.१४
२	पूर्वाधार विकास	१०५४६५२६८	७२०५६७७२.८९	१९.९१
३	सामाजिक विकास	१९८८९८२८७.५१	१७८७८९१०२.४६	४९.४०
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३०४००००	११७८२५११.२०	३.२५
५	कार्यालय संचालन तथा प्रशासनिक	१०१२५५०००	८०७१०४११.८४	२२.३०
जम्मा		**४४२३८८५५५.५१**	**३६१९४३६१०.२१**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.४० प्रतशित र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ३.२५ प्रतिशत रहेको छ ।

३२ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
लाटुकुरी केवलकार	आकार डिजाइनर्स एण्ड प्रालि	१००००००	९९७७९०
गोल्माराजा पाण्डुथान पिकनिक पार्क	टप अप इन्जिनियरिङ सोलुसन प्रालि	२०००००	१९६२४०

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

३३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान बराबर कामको परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३४ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

३५ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड ट्याङ्की निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२-२०८०।३।१३	मसुरे च्याङ्थ्या सडक उपभोक्ता समिति	सडक खन्ने, सोलिङ गर्ने र ग्याबिन लगाउने	४८५००००
४-२०८०।३।१७	टुङगाथली लाटु सडक उपभोक्ता समिति	सडक खन्ने, सोलिङ गर्ने र ग्याबिन लगाउने	४८५००००
६-२०८०।३।२०	पौडेलगाउँ थामीगाउँ गैराबारी खानेपानी योजना उपभोक्ता समिति	खानेपानी मर्म तथा नयाँ जडान	२४०५०३६.८८
८-२०८०।३।२०	कालिका वेते टोल विकास समिति	सिचाई निर्माण	२३४४९२९.९७

पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३६ **गाउँपालिका भवन निर्माण -**

.... (प्रारम्भिक प्रतिवेदन उपर कार्यसम्पादन जमानतको अवधी थप गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.८८,८९,०००/- सम्परीक्षण गरिएको ।)

३७ **बाटो ढलान** - पालिकाले भौ.नं. ५५-२०७९/१२/२० बाट जलजले टोल विकास समितिलाई महाभिर चार फिट बाटो ढलान कार्यको लागि रू.५,७५,०७९/- को कार्यसम्पन्न बमोजिम रू.४,८५,०००/- भुक्तानी गरेकोमा भौचरसाथ संलग्न स्रेस्ता परीक्षण गर्दा समितिले २०७९/११/५ मा गरेको सार्वजनिक परीक्षण फारममा योजनामा भएको कुल खर्च रू.४,१७,५९९/- मात्र उल्लेख गरेको देखियो । समितिले स्थानीय समेत १४ जनाको उपस्थितिमा गरेको सार्वजनिक परीक्षणमा योजनामा भएको कुल खर्च रू.४,१७,५९९/- मात्र उल्लेख गरेकोमा प्रमाणित नभएको डोर हाजिरी फारम, अन्य बिल भरपाई लगायतको विवरण पेश गरेको देखिन्छ। यस सम्बन्धमा पालिकाले योजनाको वास्तविक लागत यकिन गरी फरक देखिएमा समितिबाट असुल गर्नुपर्दछ।

३८ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई

गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्नु पर्दछ।

३९ **उपभोक्ता समिति कार्यको बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ ३(क) मा नियम ९७क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रु.२० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम १ बमोजिम बीमा गराउनुपर्ने तथा बीमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरिदिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा रु.२० लाख भन्दा बढीको उपभोक्ता समितिबाट सम्पन्न गर्ने गरी सम्झौता भएका कुनै पनि योजनामा बीमा गरिएको छैन । नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्धारा गरिने निर्माण कार्यमा बीमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बीमा गराउनु पर्दछ ।

४० **अनुगमन भत्ता** -

४०.१ ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.१७,८५०/- सम्परीक्षण गरिएको ।)***

४०.२ ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.१०,२००/- सम्परीक्षण गरिएको ।)***

४०.३ ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.२,०००/- सम्परीक्षण गरिएको ।)***

४०.४ ✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.११,४७५/- सम्परीक्षण गरिएको ।)***

४१ **इन्धन खर्च** - पालिकाबाट प्राप्त देहायको विवरण अनुसार यो वर्ष पालिका पदाधिकारी तथा कर्मचारीहरूको लागि रू.१४,९२,५४३/- मूल्यको डिजेल/पेट्रोल खरिद बापत भुक्तानी भएको छ । यसका अलावा पदाधिकारी/कर्मचारीहरू अन्य कार्यक्रममा जाँदा वा अनुगमन भ्रमणको क्रममा समेत छुट्टै इन्धन खर्च लेख्ने गरेको छ । विभिन्न समयमा कुपनबाट भएको इन्धन खर्चको एकमुष्ठ बिल पेश भएअनुसार भुक्तानी हुने गरेकोमा इन्धन खपतको लगबुक आंशिक रूपमा मात्र राख्ने गरेको देखियो । पालिकाले इन्धनको अनियन्त्रित खपतलाई नियन्त्रण गरी कानूनले तोके बमोजिम लगबुक समेत अद्यावधिक गरी इन्धन उपलब्ध गराउने तर्फ विशेष ध्यान दिनुपर्दछ ।

भौ.नं./मिति	आपूर्तक/भुक्तानी लिने	विवरण	भुक्तानी रकम
८-०७९/६/१०	सिन्धु आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	३१३१५४/-
९८-०७९/८/२०	सिन्धु आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	६५२४३/-
२५१-०७९/१२/८	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१०४६५४/-
३१८-०८०/१/५	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१३३८९९/-
३५८-०८०/२/९	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१४२०३६/-

४३४-०८०/३/१०	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१६२१६०/-
४८१-०८०/३/२०	सुनकोशी आयल स्टोर	विभिन्न समयमा कुपनबाट इन्धन खर्च	१०६८२२/-
२५४-०७९/१२/९	मैते श्रेष्ठ - चालक	एम्बुलेन्स इन्धन (असोज-फागुन)	१८७१६७/-
बिभिन्न	गाउँपालिका अध्यक्ष	विभिन्न समयमा भएको इन्धन खर्च	२७७४०८/-
		जम्मा	**१४,९२,५४३/-**

४२ **यातायात भत्ता** -

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३,२००/- सम्परीक्षण गरिएको ।)

४३ **पदाधिकारी इन्धन** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क)(१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १(क) मा उल्लेख भए अनुसार मासिक इन्धन बढीमा १०० लिटर सम्म प्राप्त गर्ने उल्लेख छ । ऐनमा इन्धन बापत नगद उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गरेको छैन । पालिकासँग आफ्नो गाडी रहेको छैन । पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको लागि २ वटा गाडी भाडामा प्रयोग गरिरहेको छ । पालिकाले यो वर्ष गाउँपालिका अध्यक्षलाई विभिन्न समयमा इन्धन खरिद गरेको जनाई संलग्न बिल बमोजिम देहाय अनुसारको रू.२,७७,४०८/- नगदै उपलब्ध गराएको देखियो । पालिकाले कार्यालयमा प्रयोग हुने मोटरसाइकल र भाडाका सवारीमा इन्धन भरे बापत सिन्धु आयल स्टोर तथा सुनकोशी आय स्टोरलाई छुट्टै भुक्तान गर्ने गरेको, कार्यक्रमगत रूपमा गाडी प्रयोग हुँदा इन्धनको छुट्टै खर्च लेख्ने गरेको तथा समय समयमा अध्यक्ष तथा उपाध्यक्षको सवारी चालकले समेत इन्धन बापत बिल बमोजिम भुक्तानी लिने गरेकोमा पालिका अध्यक्षलाई समेत इन्धनको बिल संलग्न गरी भुक्तानी दिनुको औचित्य पुष्टि हुन सकेन । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐनमा समेत इन्धन बापत नगदै भुक्तानी गर्ने व्यवस्था नरहेकोले औचित्य बेगरको उल्लेखित भुक्तानी नियमसम्मत देखिएन । पालिकाले ऐनमा भएको व्यवस्था विपरीत अध्यक्षको खातामा देहाय अनुसारको रकम नगदै भुक्तानी गर्नुपर्नाको औचित्य समेत पुष्टि गरी नियमित गर्नुपर्ने, रू.

भौ.नं./मिति	भुक्तानी लिने	विवरण	भुक्तानी रकम
२८-०७९/६/२२	गाउँपालिका अध्यक्ष	श्रावण, भाद्र, आश्विन	१०८३६५/-
११८-०७९/९/१४	गाउँपालिका अध्यक्ष	विभिन्न समयका इन्धन बिल	८५५५२/-
२२८-०७९/११/२८	गाउँपालिका अध्यक्ष	विभिन्न समयका इन्धन बिल	६१०२९/-
३५५-०८०/२/९	गाउँपालिका अध्यक्ष	विभिन्न समयका इन्धन बिल	२२४६२/-
		जम्मा	**२७७४०८/-**

अनियमित भएको	२,७७,४०८

४४ **बैठक तथा अनुगमन भत्ता** - पालिकाले विभिन्न विषयगत कार्यक्रम सञ्चालन गर्दा बैठक तथा अनुगमन भत्ता वापत उल्लेखनीय रकम खर्च गर्दै आएकोमा यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन:

- कार्यालय समयमा नै गर्न सकिने तथा गर्नुपर्ने कामहरुलाई कार्यालय समयको भन्दा अगाडि वा पछाडि बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।
- पालिकाको नियमित हाजिरी तथा प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतिय हाजिरीका आधारमा भएता पनि बैठक बसेको दिन र समयको आधारमा परीक्षण गर्दा हाजिरीसँग तालमेल नमिलेको ।
- एकै बैठकमा सम्पादन गर्न सकिने कामलाई टुक्राएर आवश्यकता भन्दा बढी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।
- तोकिए भन्दा बढी र कामको प्रकृत्ति अनुसार आवश्यक नभएका कर्मचारी समेत बैठकमा सहभागी गराई भत्ता भुक्तानी हुने गरेको ।
- हरेक योजना तथा कार्यक्रमको आवश्यकता र औचित्य पुष्टि नहुने अनुगमन गरी सो वापत अनुगमन/दैनिक भ्रमण भत्ता भुक्तानी हुने गरेको ।

त्यसैले बैठकको आवश्यकता र औचित्य यकिन गर्दै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार बैठक/अनुगमन भत्ता भुक्तानीको व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ ।

४५ **बैठक भत्ता** -

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३०,६००/- सम्परीक्षण गरिएको ।)

४६ **बैठक भत्ता** -

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.९,३५०/- सम्परीक्षण गरिएको ।)

४७ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा खर्चको आवश्यक बिल भरपाई सहित भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नेपर्ने उल्लेख छ । पालिकाले भौ.नं.४५२-२०८०/३/१७ बाट जय त्रिपुरा पशुपंछी पालन तथा बिक्री फर्मलाई सम्झौता अनुसार बाख्रा तथा कालिज खरिदको बिल रू.१,२५,०००/- को ५० प्रतिशतले हुने रू.६२,५००/- अनुदान उपलब्ध गराउनुपर्नेमा रू.७५,०००/-भुक्तानी गरेको देखिएकोले सम्झौता भन्दा बढी भुक्तानी गरेको रू.१२,५००/-असुल गरी दाखिला गर्नुपर्दछ रु.

असुल गर्नुपर्ने	१२,५००

४८ **सोझै खरिद** -

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४५,९६,३९८/- सम्परीक्षण गरिएको ।)

४९ **सोझै खरिद** -

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.५१,३३,४८१/९० सम्परीक्षण गरिएको ।)

५०   **बोलेरो भाडा** -

५०.१ ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.१८,०००/- सम्परीक्षण गरिएको ।)*

५०.२ ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.७,६५०/- सम्परीक्षण गरिएको ।)*

५०.३ ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.२१,६००/- सम्परीक्षण गरिएको ।)*

५१   **गाडी भाडा** - गाउँपालिकाले पालिकाको कामको सिलसिलामा गाडी भाडामा लिएको जनाई यो वर्ष गाडी भाडा तथा अन्य भाडा शिर्षकबाट रू.२४,७६,१३७/-खर्च गरेकोमा सो सम्बन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार रहेका छनः

- पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षका लागि २ वटा गाडी मासिक भाडा भुक्तानी गर्ने गरी भाडामा लिएको छ भने वडा अध्यक्ष र कर्मचारीहरूको लागि आवश्यकता अनुसार मोटरसाइकल उपलब्ध गराएको छ । सो बाहेक विभिन्न मितिमा विभिन्न स्थानमा जाँदा प्रयोग भएको, विभिन्न कार्यक्रममा कर्मचारी लान ल्याउन प्रयोग भएको लगायतको व्यहोरा जनाई चालकको निवेदनको आधारमा गाडी भाडा वापत भुक्तानी गर्ने गरेको ।
- पालिकाले गाडी प्रयोग गर्ने सम्बन्धमा निर्णय गर्ने वा आदेश दिने वा सम्झौता गर्ने वा प्रयोग गरेको प्रमाणित गर्ने अन्य कागजात भाडा भुक्तानी गर्दा संलग्न गर्ने नगरेको ।
- पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दा, कर्मचारीको अनुगमन तथा भ्रमण, सामान ढुवानी लगायतमा छुट्टै गाडी भाडा रकम भुक्तानी गर्ने गरेको ।
- पालिकाले बिना निर्णय, सम्झौता तथा प्रयोग गरेको प्रमाणित गर्ने कुनै कागजात बेगर चालकको निवेदनको आधारमा पटके रूपमा प्रयोग गरेको गाडीको भाडा बापत रकम भुक्तानी गर्दा वास्तविक रूपमा गाडी प्रयोग भए नभएको सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

५२   **पाउरोटी तालिम** - भौ.नं.३३३-२०८०/१/२० पालिकाले वडा नं.३, धुस्कुनमा २०७९/१२/२८ देखि ३० सम्म दुनोट पाउरोटी तालिम सञ्चालन गरे बापत ट्राइबल फाउण्डेसन नेपाललाई सम्झौता बमोजिम रू.१,९८,०००/-भुक्तानी गरेकोमा तालिम सञ्चालकले तालिम प्रयोजनको लागि हारतीमाता इन्टरप्राइजेजबाट ओभन १ थान रू.६१,९४६/- र प्याकेजिङ मेशिन १ थान रू.७,०७९/- समेत रू.७८,०००/- मा खरिद गरेकोमा तालिम कार्यक्रम सम्पन्न भएपश्चात् सो मेशिन पालिकामा फिर्ता नगरी आफैंसँग लिएर गएको देखिएकोले उक्त मेशिन पालिकामा फिर्ता गरी नियमानुसार जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७८,०००

५३   **शिर्षक फरक खर्च** -

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३,१६,५००/- सम्परीक्षण गरिएको ।)*

५४   **लट्टेश्वर धार्मिक महोत्सव** - पालिकाले लट्टेश्वर धार्मिक महोत्सव सञ्चालनको लागि वडा नं.२ स्थित विमल गुरूङ्गलाई २ पटक गरेर रू.५,२५,०००/- भुक्तानी गरेको देखियो । पालिकाले लट्टेश्वर मन्दिर परिसरमा महोत्सव सञ्चालन गरी खर्च

गरेकोमा सोको लागत अनुमान वा कार्यक्रमको खाका स्वीकृत गरेको देखिएन । वडा सचिवले रू.२,००,०००/- पेश्की लिएर कार्यक्रम सम्पन्न पश्चात् खर्चको बिल भरपाई पेश गरी थप रू.३,२५०००/- समेत रू.५,२५,०००/- भुक्तानी लिएको देखिन्छ । भौचर साथ संलग्न खर्चको बिल भरपाई अनुसार एक्सन फिल्म्स् प्रा.लि. सँग विभिन्न राष्ट्रिय कलाकार ल्याउने सम्झौता गरी रू.२,००,०००/-भुक्तानी गरेकोमा कोको कलाकार कति जना ल्याउने भन्ने सम्बन्धमा सम्झौतामा केही उल्लेख गरेको देखिएन भने रकम भुक्तानी गर्दा बिजक वा भरपाई समेत संलग्न गरेको छैन । त्यसै गरी प्रचारप्रसार समितिका संयोजक किरण थापा लगायत अन्य २ सदस्यले प्रसार प्रसार तथा सामाग्री ओसारपसार भनी रू.१,०१,०००/- गाडी भाडा बुझेको तथा अन्य विविध शिर्षकमा रू.२,२८,५४२/- खर्च गरेको देखिन्छ । पालिकाले लागत अनुमान समेत स्वीकृत नभएको कार्यमा कार्यपालिकाबाट निर्णय गरी महोत्सव सञ्चालनको नाममा रू.५,२५,०००/-भुक्तानी गरेको नियमसम्मत देखिएन । यस सम्बन्धमा समग्र खर्चको पुष्ट्याई तथा उद्देश्य अनुरूप खर्चको सदुपयोग भएनभएको समेत यकिन गरी खर्च रकम नियमित गर्नुपर्ने देखिएको, रु.

अनियमित भएको	५,२५,०००

५५ **बिज्ञापनमा छुट -**

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.९९,४७२/- सम्परीक्षण गरिएको ।)

५६ **झाडी सुधार कार्यक्रम** - भौ.नं.५४३-२०८०/३/२१ पालिकाले हातेमालो संघ नामक गैह्रसरकारी संस्थासँग २०७९/११/३० मा सम्झौता गरी झाडी सुधार फोहोरमैला कार्यक्रम सञ्चालन बापत रू.६,६१,६५०/-भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार रहेका छनः

- पालिकाले संस्थासँग कार्यक्रम सम्झौता गर्नुपूर्व कार्यक्रमको लागत अनुमान स्वीकृत नगरी रू.७ लाखको स्वीकृत बजेट बमोजिम प्रस्ताव माग गरी सम्झौता गरेको ।
- पालिकाले संस्थासँग झाडी सुधार फोहोरमैला कार्यक्रमको नाममा सम्झौता गर्दा सो कार्यक्रम अन्तर्गत गर्नुपर्ने कार्य, सोको परिमाण र रकम समेत स्पष्ट नखुलाई सम्झौता गरेको ।
- संस्थाले जंगलमा फलफूलको बिरूवा रोपण, वृक्षारोपण, पोखरी निर्माण, फोहोरमैला व्यवस्थापन, विद्यालयमा वक्तृत्वकला प्रतियोगिता, कम्पोष्ट मल बनाउने तालिम लगायतका कार्य सञ्चालन गरेको उल्लेख गरी प्रतिवेदन पेश गरेको ।
- संस्थाले सम्झौता अनुसार रकम भुक्तानीको लागि कर बिजक पेश नगरी डोर हाजिरी, खानाखाजा बिल लगायतका बिल भरपाई पेश गरेको।
- पालिकाबाट २०८०/३/१८ मा उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी आगामी दिनमा यस्तो कार्यक्रमको वस्तुगत स्पष्टता सहित कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव पेश गरेको देखिन्छ ।
- त्यसै गरी भौ.नं.४९१ र ४९२ बाट २०८०/३/२० मा सोही संस्थालाई २०७९/११/३० कै अर्को सम्झौता अनुसार कृषि बिउँ उत्पादन र भण्डारण, भकारो सुधार कार्यक्रम, कम्पोष्ट मल बनाउने तालिम, गड्यौले मल उत्पादन र प्रयोग, जैविक विषादी निर्माण र प्रयोग लगायत कार्यक्रम सञ्चालन गरे बापत रू.४,२३,०००/- समेत भुक्तानी गरेको देखिन्छ ।

पालिकाले स्वीकृत बजेट अनुसार सञ्चालन गर्नुपर्ने कार्यक्रमको साधारण खाका समेत तयार नगरी विनियोजित बजेटको आधारमा प्रस्ताव माग गरी गर्नुपर्ने कार्यसमेत किटान नगरी गैह्रसरकारी संस्थासँग सम्झौता गरेर रकम भुक्तानी

गरेको, सोहि संस्थाले पालिकाका अन्य स्थानमा उस्तै प्रकारको अन्य कार्यक्रम समेत सञ्चालन गरेको तथा पालिकास्तरीय अनुगमन समितिले समेत कार्यक्रमको वस्तुगत स्पष्टता नभएको जनाएकोले उल्लेखित खर्च र कार्यक्रमको सम्बन्धमा पालिकाबाट छानबिन गरी वास्तविक खर्च रकम र कार्यक्रमको औचित्यता समेत यकिन गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,६१,६५०

५७ **खानेपानी हेरालु** - पालिकाले भौ.नं.२१९-२०८०/३/६ बाट टेकानपुर खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई वडा नं.६ मा रहेको खानेपानी योजना हेरालुको तलब तथा पाइपलाइन खन्नेपुर्ने/धारा निर्माण कार्यबापत रू.४,९५,१५०/- समितिको खातामा भुक्तानी गरेकोमा पालिका कार्यालयबाट खानेपानी हेरालु नियुक्ति गरेको देखिएन । वडा नं.६ का सचिव रस्मी बोहराले २०७९/१०/२८ मा विभिन्न ४ जनालाई खानेपानी हेरालु नियुक्ति गरी २०७९/१०/१ देखि २०८०/३/३१ सम्मको पारिश्रमिक बापत रू.२,६६,४००/- खर्च लेखेको देखियो । पारीश्रमिक भुक्तानी गर्दा नियुक्तिको मितिभन्दा १ महिना अगाडिको अवधीको समेत पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । त्यसै गरी निजले नियुक्ति गर्दा दुई जनालाई मासिक रू.९२००/- र दुई जनालाई मासिक रू.१२०००/- भुक्तानी गर्ने जनाएकोमा सो बमोजिम हुने रू.२,५४,४००/- भन्दा रू.१२०००/- बढी खर्च समेत उल्लेख गरेको छ । पालिकाले वडा सचिवलाई कर्मचारी नियुक्तिको अधिकार प्रत्यायोजन नगरेको अवस्थामा उल्लेखित नियुक्ति स्वतः बदर हुने देखिन्छ । अधिकारप्राप्त अधिकारी बेगर अन्यबाट नियुक्ति गरी पारीश्रमिक भुक्तानी गरेको नियमसम्मत देखिएन । यस सम्बन्धमा पालिकाले छानबिन गरी नमिल्ने भुक्तानी सम्बन्धितबाट असूल गर्ने तथा अधिकार बेगरको कार्य गर्ने कर्मचारीलाई समेत जिम्मेवार बनाई खर्च रकम नियमित गर्नुपर्ने देखिएको, रू.

अनियमित भएको	२,६६,४००

५८ **अनुदान वितरण** - पालिकाले यो वर्ष कृषि तथा पशु विकास कार्यक्रमतर्फ विभिन्न कृषि तथा पशुपालन फर्महरूलाई खेतीपाती, फर्म निर्माण तथा पशु खरिदको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम स्वीकृत गरी रकम उपलब्ध गराएको देखियो । यसरी अनुदान उपलब्ध गराउँदा पालिकाले सूचना प्रकाशन गरी प्रस्ताव माग गरेर पुराना र सञ्चालनमा रहेकै फर्महरूलाई व्यवसाय विस्तार गर्ने गरी विभिन्न २५ वटा कृषि समूह तथा फर्महरूलाई ५० प्रतिशत अनुदान स्वरूप रू.५० हजार देखि रू.५ लाखसम्म कुल रू.४०,०००,००/- अनुदान उपलब्ध गराएको देखियो । पालिकाले अनुदान वितरण गर्दा ६ वटा कृषक समूह छनौट गरेको छ भने बाँकी १९ वटा व्यक्तिगत कृषि फर्महरूलाई अनुदान उपलब्ध गराएको छ । पालिकाले सञ्चालन भईरहेका प्राईभेट फर्महरूलाई नै थप व्यवसाय विस्तारको लागि अनुदान उपलब्ध गराउँदा न्यून आय भएका, गरिब तथा आफ्नै स्रोतबाट नयाँ व्यवसाय सञ्चालन गर्न नसक्ने कृषक अनुदानबाट बञ्चित हुनुपरेको छ । त्यसै गरी पालिकाले अनुदान वितरणको अधिकाशं कार्यक्रम अन्तिम चौमासिकमा सञ्चालन गरेकोमा सोको अनुगमन समेत प्रभावकारी हुन सकेको छैन । पालिकाले अनुदान वितरणको कार्यविधि बनाई यस प्रकारका कार्यक्रम व्यक्तिगत रूपमा नभई धेरै भन्दा धेरै परिवार लाभान्वित हुने गरी सामूहिक लाभ तथा अधिक लागत साझेदारी मार्फत सञ्चालन गर्नुपर्दछ । यो वर्ष पालिकाले थप व्यवसाय विस्तारको लागि अनुदान उपलब्ध गराएका व्यक्तिगत कृषि फर्मका केही उदाहरण देहाय अनुसार रहेका छनः

फर्मको नाम	अनुदानको विवरण	अनुदान रकम	लाभान्वित परिवार संख्या
सुरा कृषि प्रा.ली.	बिउँ तथा च्याउ टनेल निर्माण	३०००००/-	१

जय त्रिपुरा पशुपंछी पालन तथा बिक्रि फर्म	बाख्रा तथा कालिज खरिद	७५०००/-	१
समर्पित जडिबुटी उद्योग प्रा.ली.	फलफूल, जडिबिटी नर्सरी स्थापना	३०००००/-	१
सेती देवी गाई फर्म	जर्सी गाई ३ वटा खरिद	२०००००/-	१
लेकाली बाख्रापालन फर्म	२२ वटा बाख्रा खरिद	४०००००/-	१
लहरे कृषि फर्म	२०० बिरूवा किबी खेती	१०००००/-	१
दिया कृषि तथा पोल्ट्री फर्म	बाख्रा र कुखुरा खोर व्यवस्थापन	२५००००/-	१
मातामनकामना पोल्ट्री फर्म	बोइलर कुखुरा र बाख्रा	१०००००/-	१

५९ **बिजक पेश नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले मिति २०८०।१।१६ र १७ मा पिस्करमा सञ्चालन गरेको विद्यालय व्यवस्थापन पदाधिकारीहरुको विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्दा सम्झौता बमोजिम सामुदायिक विद्यालय व्यवस्थापन महासंघ नेपाल, केन्द्रिय कार्यालय, काठमाण्डौंलाई तालिम सञ्चालन बापत भौ.नं.१८०/२०८०।१।१८ बाट रू.२०००००।- भुक्तानी गरेकोमा महासंघले सोको बिल जारी गरेको देखिएन । कार्यालयले सामुदायिक विद्यालय व्यवस्थापन महासंघ नेपाल, केन्द्रिय कार्यालय, काठमाण्डौंलाई भुक्तानी गरेको रकमको सक्कल बिल पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२,००,०००

६० **कर्मचारी तालिम** -

६०.१ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.११,४७५/- सम्परीक्षण गरिएको ।)***

६०.२ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३,५५०/- सम्परीक्षण गरिएको ।)***

६०.३ .... ***(प्रारम्भिक प्रतिवेदन उपर जिन्सी मौज्दात रहेको पाम्स प्रणालीको प्रतिवेदन पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.२७,०००/- सम्परीक्षण गरिएको ।)***

६१ **दैनिक भ्रमण/बैठक भत्ता** - वाग्मती प्रदेश अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा खटिएका कर्मचारी तथा पदाधिरीहरुलाई दैनिक भ्रमण तथा अनूगमन मूल्यांकन खर्च भुक्तानी गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

- अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन स्पष्ट नदेखिएको अवस्थामा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको ।
- सार्वजनिक विदाको दिनहरुमा समेत काठमाडौं र हेटौडा स्थित विभिन्न मन्त्रालयहरुमा काम परेको जनाई काज स्विकृत हुने गरेको ।

- काठमाडौं भ्रमणमा जाँदा कामको आवश्यकता र औचित्य भन्दा बढी दिनको (प्राय अधिकाशं काज ७ दिनको) काज स्विकृत गरी दैनिक भ्रमण भत्ता भुक्तानी हुने गरेको ।
- भ्रमण पश्चात् प्रतिवेदन पेश नहुने तथा पेश भएका भ्रमण प्रतिवेदनमा सो अवधिमा सम्पन्न गरेको कामको स्पष्ट विवरण उल्लेख हुने नगरेको ।
- पालिका भित्रको भ्रमणमा दुरीको अभिलेख नराखि दैनिक तथा भ्रमण भत्ता खर्च लेख्ने गरेको ।
- पालिका भित्रै योजना अनुगमन तथा कार्यक्रममा जाँदा दुरीको मापन समेत नगरी दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिने गरेको ।
- तोकिए बमोजिम भ्रमण अभिलेख खाता नराखेको ।

अतः स्पष्ट प्रयोजन, उद्देश्य र आधार बेगरको भ्रमण खर्च नियन्त्रण गर्न भ्रमण स्वीकृत गर्ने पदाधिकारीले थप ध्यान दिनुपर्ने देखिन्छ ।

६२ **दैनिक भ्रमण भत्ता स्वीकृति** -

.... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट सैद्धान्तीक बेरूजू सम्परीक्षण गरिएको ।)

६३ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टी र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्टी गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले विग्रिएर थन्किएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

६४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

६५ **जिन्सी सामान फिर्ता नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरूवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय

कारोबारको स्रेस्ता वा अन्य सरकारी कागजात हालवाला वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने उल्लेख छ । त्यसै गरी सोही नियमावलीमा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान वा अन्य सम्पत्ति नबुझाएमा वा बदनियत पूर्वक हानि नोक्सानी वा हिनामिना गरेको देखिएमा त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामानको खरिद मूल्यलाई आधार मानेर निजबाट असूलउपर गरिने उल्लेख छ । पालिकाका देहायका पदाधिकारी तथा कर्मचारीले आफू कार्यरत रहँदा बुझिलिएको देहाय अनुसारको रू.२,१०,२९१/- मूल्य बराबरका जिन्सी मालसामान आफ्नो कार्यकाल सकिए पश्चात् तथा अन्यत्र सरूवा भई जाँदा समेत पालिकामा फिर्ता नगरी आफूसँगै लिएर गएको देखियो । त्यसरी लगेको जिन्सी मालसामान लेखापरीक्षण अबधिसम्म पनि पालिकामा फिर्ता दाखिला गरको छैन । निजहरूले बुझेको बखत पालिकाले उल्लेखित जिन्सी मालसामान बजारबाट नयाँ खरिद गरेको र निजहरू सरुवा तथा अवकाश भई गएको अवस्थामा समेत बुझिलिएका जिन्सी मालसामान कार्यालयमा फिर्ता नगरेको हुनाले उल्लेखित मालसामान चालु अवस्थामै पालिकामा फिर्ता गर्नुपर्ने, अन्यथा खरिद मूल्य बराबरको रकम निजहरूबाट असूल उपर गर्नुपर्ने रु.

पद, नाम	**बुझेको सामान**	**खरिद/बुझेको मिति**	**परल मूल्य**	**कैफियत**
निवर्तमान अध्यक्ष भुपेन्द्र श्रेष्ठ	Gionee A1 Lite Mobile १ थान	२०७५/३/१३	१९०००/-	२०७९ जेष्ठबाट कार्यकाल सकिएको ।
	Samsung Mobile १ थान	२०७५/३/१३	२४३३७/-	
निवर्तमान उपाध्यक्ष दुर्गादिवी नेपाल	Samsung Mobile १ थान	२०७७/८/२९	१६१०२/-	२०७९ जेष्ठबाट कार्यकाल सकिएको ।
	Redmi Note 9 १ थान	२०७५/३/१३	१८५८४/-	
प्र.प्र.अ. चन्द्रदिप बराल	Mobile M215 F १ थान	२०७७/१०/२२	१९०२६/-	सरूवा भई अन्यत्रै गएको
प्र.प्र.अ. लक्ष्मण कुँइकेल	Samsung A725 Mobile १ थान	२०७८/६/१३	५०४४२/-	सरूवा भई अन्यत्रै गएको
ले.अ. राम प्रसाद अचार्य	MI Note 9 Pro १ थान	२०७७/१२/९	२६०००/-	सरूवा भई अन्यत्रै गएको
	Samsung Mobile A7 १ थान	२०७७/१०/२१	३६८००/-	
	जम्मा		**२१०२९१/-**	

प्रमाण पेश नगरेको	२,१०,२९१

६६ **सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर, जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तिको प्राप्ति, उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छनः

सम्पत्ति	**प्राप्त मिति**	**खरिद मूल्य**	**कैफियत**
बा २ झ ३३९१ सवारी साधन	२०७४।९।२३	३६,४०,०००।-	बिग्रेको अवस्थामा काठमाण्डौमा रहेको

पालिकाको बा २ झ ३३९१ को चारपाङ्ग्रे स्कोरपियो सवारी साधन गत वर्ष देखि नै उपयोग नगरी काम नलाग्ने भई हेभी इक्वूपमेन्ट विभाग, मीनभवनमा रहेको जनाएकोमा कार्यालयले समयमै मर्मत वा लिलाम गरी सार्वजनिक सम्पत्तिको संरक्षण तथा उपयोगमा ध्यान दिनुपर्दछ ।

६७ **जिन्सी दाखिला —**

.... (प्रारम्भिक प्रतिवेदन उपर जिन्सी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४,९९,९८९/- सम्परीक्षण गरिएको ।)

६८ **पाठ्यपुस्तकको निकासा -**

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.१,२३,२६१/- सम्परीक्षण गरिएको ।)

६९ **पुस्तकालय स्थापना अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गतको उपक्रियाकलापमा विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारको दरले अनुदान दिने, उक्त अनुदानबाट विद्यालयले लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तैः पुस्तक न्याक, कुर्सी टेबुल लगायतका सामग्रीहरु व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशत सम्म बजेट खर्च गर्न सक्ने र बाँकी अनुदान रकमबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि कालिका मा.वि. टेकानपुरलाई रु.६ लाख ५० हजार अनुदान उपलब्ध गराएकोमा सो विद्यालयहरुले लाईब्रेरी स्थापनाको लागि आवश्यक फर्निचरको लागि २५ प्रतिशत खर्च गर्नुपर्नेमा फर्निचर खरिद नगरी पुरै रकम भुँडी पुराण प्रकाशनले प्रकाशन गरेका ४३० किसिमका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिदको लागि खर्च गरेकोले कार्यान्वयन पुस्तिकाको पालना भएको देखिएको छैन । विद्यालयहरुले अनुदान रकम खर्च गर्दा कार्यान्वयन पुस्तिकाले तोकेको शर्तको पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।

गो भौ नं	विद्यालयको नाम	अनुदान रकम	पुस्तक खरिद रकम
३०५/२०८०।३।१७	कालिका मा.वि.टेकानपुर	६५००००।-	६५००००।-

७० **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यक परिमाणको विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला गर्दा समेत खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघिय सरकारबाट हस्तान्तरित स्वास्थ्य बजेट उप शिर्षकबाट विभिन्न फर्मसँग रु.५१ लाख ३३ हजार ४८१ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७१ **स्यानिटरी प्याड -**

.... (प्रारम्भिक प्रतिवेदन उपर जिन्सी दाखिला तथा वितरण भरपाईको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.७,००,२०४/- सम्परीक्षण गरिएको ।)

७२ **आइएमएनसिआइ समीक्षा कार्यक्रम -**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४८,३००/- सम्परीक्षण गरिएको ।)*

७३ **चाडपर्व खर्च भुक्तानी -**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.५३,६८९/- सम्परीक्षण गरिएको ।)*

७४ **स्वास्थ्य वीमा** - पालिकाले यो वर्ष नागरिक स्वास्थ्य वीमा कार्यक्रम कार्यविधी, २०७९ स्वीकृत गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा पालिका भित्रका ७७ परिवारका ३७३ जना सदस्यको स्वास्थ्य वीमा बापत कुल लागत रू.४,७४,९५०/-को ४० प्रतिशतले हुने रू.१,८९,९८०/- स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरेको छ । पालिकाले कार्यक्रम लागू गरेता पनि सो कार्यक्रमबाट लाभान्वित हुने परिवार र सदस्य संख्या यकिन गरेको छैन । साथै पालिका अन्तर्गतका सबै नागरिकलाई यस कार्यक्रममा समेट्न सकेको छैन ।

७५ **हिमाली जिल्लाका स्वास्थ्य संस्थामा सुत्केरी हुनेहरुलाई सुत्केरी भत्ता** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.९ मा हिमाली जिल्लाका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने विपन्न सुत्केरीलाई पोषणयुक्त खाना र सुत्केरी एवं बच्चाको स्याहारको लागि सुत्केरी भत्ताको व्यवस्था गरेको छ । सुत्करी भत्ता प्राप्त गर्नको लागि हिमाली जिल्ला अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सुत्केरी भई सम्बन्धित वडाबाट विपन्न खुल्ने व्यहोराको सिफारिस पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कार्यक्रम सञ्चालन मार्गदर्शनको शर्त विपरित पालिका भन्दा बाहिरका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा सुत्केरी भएका १६ महिलाहरुलाई रु.४०००।— का दरले वडाको सिफारिसका आधारमा कार्यालयबाट रु.६४०००।- सुत्केरी भत्ता प्रदान गरी भौ.नं.३१८/२०८०।३।१९ बाट खर्च लेखेको छ। हिमाली जिल्ला भन्दा बाहिर सुत्केरी हुने महिलाहरुलाई कार्यक्रम सञ्चालन मार्गदर्शनको शर्त विपरित सुत्केरी भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

क्र.सं.	व्यक्तिको नाम	ठेगाना	सुत्केरी भएको संस्था	भत्ता रकम
१	तारा खाती	त्रिपुरासुन्दरी वडा -२	परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	४०००
२	कुसुम जिरेल	त्रिपुरासुन्दरी वडा -२	परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	४०००
३	सरिता थामी	त्रिपुरासुन्दरी वडा -२	परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	४०००
४	सपना थामी	त्रिपुरासुन्दरी वडा -२	भक्तपुर अस्पताल	४०००
५	माया श्रेष्ठ	त्रिपुरासुन्दरी वडा -२	परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	४०००
६	संगिता थामी	त्रिपुरासुन्दरी वडा -२	परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	४०००
७	गोमा श्रेष्ठ	त्रिपुरासुन्दरी वडा -४	हिमाली जिल्ला बाहिरको स्वास्थ्य संस्था	४०००
८	सीता श्रेष्ठ	त्रिपुरासुन्दरी वडा -४		४०००
९	देविका थामी	त्रिपुरासुन्दरी वडा -४		४०००
१०	मनिता श्रेष्ठ	त्रिपुरासुन्दरी वडा -४		४०००

११	सबिता भुजेल	त्रिपुरासुन्दरी वडा -४		४०००
१२	सम्झना श्रेष्ठ	त्रिपुरासुन्दरी वडा -५		४०००
१३	करुणा रम्तेल	त्रिपुरासुन्दरी वडा -५		४०००
१४	सुबिना श्रेष्ठ	त्रिपुरासुन्दरी वडा -६		४०००
१५	अस्मिता बोहरा	त्रिपुरासुन्दरी वडा -६		४०००
१६	निर्मला तामाङ	त्रिपुरासुन्दरी वडा -३		४०००
जम्मा				६४०००

७६ **बढी ग्रेड भुक्तानी -**

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४,४१६/- सम्परीक्षण गरिएको ।)

७७ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.१० हजार देखि २५ हजारसम्म २२ जनालाई जम्मा रु.२,६०,०००।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

७८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २३ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत १०० दिनले रोजगारी उपलब्ध गराई रु.५५,७२,८००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७९ **आलु पकेट विकास कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोन र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत) तथा कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, साना सिँचाइ पूर्वाधार तथा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले नयाँ आलु पकेट विकास कार्यक्रम अन्तर्गत आलु उत्पादन कार्यक्रमका लागि कामधेनु कृषि सहकारी संस्था लिमिटेड, टौथली लाई भौ.नं.४०/२०७९।१२।२३ बाट अनुदान सुबिधा प्रदान गर्दा परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक

कार्यहरु प्रारङ्गारिक मल तथा रासायनिक मल खरिद, ज्याला (डोर हाजिरी) तथा ढुवानी लगायतका कार्य समेत गरी रु.१२,००,०००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअलले तोकेको भन्दा फरक कार्यमा भुक्तानी भएको सुबिधा (अनुदान) असूल गरी दाखिला गर्नुपर्ने रु.

समूहले खरिद बीउ, मल तथा उपकरण	खरिद भएको सामानको मूल्य	उपलब्ध हुने सुविधा
आलुको बिउ	११५७८१४	५७८९०७
औजार तथा उपकरण	३५००००	१७५०००
कम्पोष्ट मल	१२५०००	-
रासायनिक मल तथा विषादी	११०५००	-
फ्लेक्स् बोर्ड	८४०	-
ढुवानी भाडा	७५०००	-
जम्मा	**१८१९१५४**	**७५३९०७**
जम्मा भुक्तानी भएको सुबिधा		१२०००००
असूल हुनुपर्ने अनुदान रकम		४४६०९३

असुल गर्नुपर्ने	४,४६,०९३

८० **गरिबी निवारणका लागि सीप विकास तालिम -**

✂ .... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४८,०००/- सम्परीक्षण गरिएको ।)***

८१ **आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु**

८१.१ **पि.पि.सि. सिमेन्टको प्रयोग-** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता वा टोल विकास समितिसंग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि सिमेन्ट खरिद गरी प्रयोग गरेको मु.अ.कर विजक समावेश गरेकोमा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको देखिन्छ । जसले गर्दा गुणस्तरमा समेत कमी आउने देखिन्छ । जसमा तपशिल बमोजिमका योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमानकै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

गो भौ र मिति	योजनाको विवरण	आपूर्तिकर्ता	बिल बमोजिम सिमेन्ट बोरा संख्या	बढि भुक्तानी
६८-२०७९।१२।२१	लप्से गुरुङगाउ टोल विकास समिति	अम्बे हार्डवेयर	४५	७१६९

असुल गर्नुपर्ने	७,१६९

.........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।०१।२३ र २०८१-१-२५ को निर्णयबाट रू.२५,००१/-मात्र सम्परीक्षण गरिएको ।)

८१.२ **स्टेशनरी खर्चमा वढी भुक्तानी —**

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.११,५५०/- सम्परीक्षण गरिएको ।

८२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम समयमै पेश्की फछ्यौंट गर्नुपर्दछ ।पालिकाले आर्थिक वर्षको अन्तसम्ममा म्याद ननाघेको रु.६१,२२,५०६/६१ पेश्की फछ्यौंट गर्न बाँकी देखिन्छ। सम्झौतानुसार समयमै पेश्की फछ्यौंट गर्नुपर्दछ ।

गो भौ र मिति	पेश्की विवरण	पेश्की लिनेको विवरण	म्याद नाघेको पेश्की	म्याद ननाघेको पेश्की
१८-२०७९।८।२१	त्रिपुरासुन्दरी गाउँपालिकाको ५ नं वडा कार्यालय भवन	महाभीर निर्माण सेवा प्रा.लि.	-	१६५१९०.००
२५-२०७९।९।१३	त्रिपुरासुन्दरी गाउँपालिकाको ५ नं वडा कार्यालय भवन	महाभीर निर्माण सेवा प्रालि	-	१९२१४१.००
१७४-२०८०।२।२४	आवासिय भवन निर्माण	ड्रागन निशान विष्णु जे भी	-	५७६५१७५.६१
	जम्मा		**-**	६१२२५०६।६१

.... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्यौंट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट म्याद नाघेको हरिचन खड्काको नामको रू.१,००,०००/-र त्रिपुरासुन्दरी सामुदायिक सिकाई केन्द्रको रू.१,००,०००/-समेत रू.२,००,०००/- सम्परीक्षण गरिएको ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान - त्रिपुरासन्दरी गाउँपालिका, सिन्धुपाल्चोक, सिन्धुपाल्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	जय बहादुर वाईबा	२०७९-४-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजु सुवेदी	२०७९-६-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	राम प्रसाद आचार्य	२०७७-४-१	२०७९-४-५

बेरुजु वर्गीकरण -

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९४१,१२७.६३	२०,३७४,२८१.९८	११,२६६,१३४	०	०	२००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३२,७८१,५४३.६१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२०,९३७,४१०.६१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,८४४,१३३

स्थानीय तह - त्रिपुरासन्दरी गाउँपालिका, सिन्धुपाल्चोक, सिन्धुपाल्चोक ।

गत बर्षको जिम्मेवारी		४७१६६६३३.९६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४४८३८३९७.१७	चालु खर्च	३४४९६९७४३.८६
प्रदेश सरकारबाट अनुदान	३३१०९४०६	पूँजीगत खर्च	१०४९१९५१४.२८
राजश्व बाँडफाँट	७१३७५३७४.८४	वित्तीय/अन्य व्यवस्था	१६४८७०१९.२२
आन्तरिक आय	७६७०६६९.५८		
अन्य आय	३७८०६६०.७५		
कुल आय	४६०७७४५०८.३४	कुल खर्च	४६६३७६२७७.३६
बाँकी मौज्दात		४१५६४८६४.९४	